**August 1st, 2025** **Friday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि उत्तर प्रदेशको वाराणसीमा प्रधानमन्त्री किसान सम्मान निधि योजनाको बीसौं किस्ता जारी गर्नुहुने

२. भारतको विकास यात्रामा योगदान पुऱ्याउन विद्यार्थीहरूलाई राष्ट्रपति द्रौपदी मुर्मुको आग्रह

३. उपराष्ट्रपतिको चुनाव ९ सेप्टेम्बरमा हुने, मनोनयन दर्ता गर्ने अन्तिम मिति २१ अगस्ट

४. अनि भारतीय राष्ट्रिय भुक्तानी निगमद्वारा आजदेखि एकीकृत भुक्तानी इन्टरफेस-UPI को नयाँ नियमहरू लागू

**अब समाचार विस्तारमा**

१. PM – Kisan Samman Nidhi

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि उत्तर प्रदेशको वाराणसीमा प्रधानमन्त्री किसान सम्मान निधि योजनाको बीसौं किस्ता अन्तर्गत ९ करोड ७० लाखभन्दा बढी किसानहरूलाई २०,५०० करोड रुपैयाँ जारी गर्नुहुनेछ। उहाँले २,२०० करोड रुपैयाँ बराबरको विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुहुनेछ।

२. MEA – India USA

विदेश मन्त्रालयले भनेको छ, भारतको रक्षा आवश्यकताहरूको स्रोत पूर्ण रूपमा देशको राष्ट्रिय सुरक्षा आवश्यकताहरू र रणनीतिक आकलनद्वारा निर्धारण गरिन्छ। मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले आज नयाँ दिल्लीमा रक्षा खरिदको बारेमा यो कुरा बताउनुभएको हो। भारत-रूस सम्बन्धको प्रसंगमा श्री जयसवालले विभिन्न देशहरूसँगको द्विपक्षीय सम्बन्ध तिनीहरूको आफ्नै गुणहरूमाथि आधारित हुन्छन् र कुनै तेस्रो देशको दृष्टिकोणबाट हेर्नु हुँदैन भन्नुभयो। उहाँले भारत र रूसको स्थिर साझेदारी छ भन्नुभयो।

श्री जयसवालले थप भन्नुभयो, भारत र अमेरिकाले साझा हित, लोकतान्त्रिक मूल्यमान्यता र मानिसहरूबीच दरिहो सम्बन्धमाथि आधारित एक व्यापक वैश्विक रणनीतिक साझेदारी साझा गर्छन्। उहाँले भन्नुभयो, भारत-अमेरिका साझेदारीले धेरै परिवर्तन र चुनौतीहरूको सामना गरेको छ। उहाँले भन्नुभयो, भारत दुवै देशको प्रतिबद्धताको ठोस एजेन्डामा केन्द्रित छ। उहाँले यी सम्बन्धहरू अझ मजबूत हुने विश्वास व्यक्त गर्नुभयो।

३. Parliament

बिहारमा मतदाता सूची विवादलाई लिएर आज पनि संसदको कार्यवाही अवरुद्ध भयो। विभिन्न मुद्दाहरूमा विपक्षी सदस्यहरूको नाराबाजीका बीच संसदका दुवै सदनको कार्यवाही सोमबारसम्मका लागि स्थगित गरिएको छ।

४. President – Jharkhand Visit

राष्ट्रपति द्रौपदी मुर्मुले आज झारखण्ड भ्रमणको दोस्रो दिन धनबादमा रहेको भारतीय प्रविधि संस्थान-भारतीय खानी स्कूलको ४५ औं दीक्षान्त समारोहमा भाग लिनुभयो। यस अवसरमा राष्ट्रपतिले संस्थानका विद्यार्थीहरूलाई भारतको विकास यात्रामा योगदान पुऱ्याउन आह्वान गर्नुभयो। राष्ट्रपतिले थप भन्नुभयो.....

५. Rajnath - AFHQ

रक्षामन्त्री राजनाथ सिंहले सशस्त्र बल मुख्यालय - AFHQ नागरिक सेवाले देशको रक्षा प्रणालीलाई बलियो बनाउन सदैव धेरै महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभएको छ। उहाँले आज नयाँ दिल्लीमा AFHQ नागरिक सेवा दिवसमा सम्बोधन गर्दै देशका रक्षा संगठनहरूको कुशल र रणनीतिक कार्यमा सशस्त्र बल मुख्यालय नागरिक सेवाको भूमिकालाई उहाँले प्रशंसा गर ्नुभयो।

६. Rijiju - Briefing

संसदीय मामिला मन्त्री किरेन रिजिजुले कांग्रेस नेता राहुल गान्धीको भारतीय अर्थतन्त्रमाथिको बयानको कडा आलोचना गर्नुभएको छ। श्री रिजिजुले राहुल गान्धीले बारम्बार भारत विरोधी बयान दिइरहेका छन् जुन सही होइन भन्नुभयो। राहुल गान्धीको बयानको धेरै विपक्षी नेताहरूले पनि निन्दा गरिरहेको श्री रिजिजुले उल्लेख गर्नुभयो। उहाँले लोकसभा र राज्यसभाको कार्यवाही अवरुद्ध गरेकोमा विपक्षी दलहरूको पनि आलोचना गर्नुभयो। श्री रिजिजुले विपक्षीहरूले संवैधानिक संस्थाहरूलाई बदनाम गरेको आरोप पनि लगाउनुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

७. ECI - VP

निर्वाचन आयोगले आज देशको उपराष्ट्रपति पदको लागि निर्वाचन तालिका घोषणा गरेको छ। निर्वाचन आयोगका अनुसार निर्वाचन सेप्टेम्बर ९ मा हुनेछ र मनोनयन दर्ता गर्ने अन्तिम मिति अगस्ट २१ हुनेछ। मतगणना सेप्टेम्बर ९ मा हुनेछ। उल्लेख्य, गत महिना उपराष्ट्रपति पदबाट जगदीप धनखडले राजीनामा दिएपछि यो निर्वाचन आवश्यक भएको हो।

८. LS – Jan Aushadi

रसायन तथा उर्वरक राज्यमन्त्री अनुप्रिया पटेलले रेलवे स्टेशनहरूमा यात्रुहरू लगायत आम जनतालाई सस्तो मूल्यमा गुणस्तरीय औषधि उपलब्ध गराउन यस वर्ष जुन ३० सम्म १०६ जनऔषधि केन्द्रहरू खोलिएको बताउनुभएको छ। लोकसभामा एक प्रश्नको लिखित जवाफमा, केन्द्रीय मन्त्रीले प्रधानमन्त्री भारतीय जनऔषधि योजना अन्तर्गत देशभरि कुल १६,९१२ यस्ता औषधि केन्द्रहरू खोलिएको बताउनुभयो। यीमध्ये ८,६६० केन्द्रहरू ग्रामीण क्षेत्रमा छन्। उहाँले सस्तो मूल्यमा औषधिको उपलब्धताले ग्रामीण र दुर्गम क्षेत्रहरू सहित देशभरका जनताको लागि विगत ११ वर्षमा लगभग ३८,००० करोड रुपैयाँ बचत भएको जानकारी दिनुभयो।

९. LS – Indian Ocean

विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले हिन्द महासागर क्षेत्रमा भारतको सुरक्षा र आर्थिक हितलाई असर गर्ने सबै घटनाक्रमलाई सरकारले नजिकबाट निगरानी गर्ने र देशको हितको रक्षा गर्न उपयुक्त कदम चाल्ने बताउनुभएको छ। आज लोकसभामा एक लिखित जवाफमा उहाँले हिन्द महासागर क्षेत्रका देशहरूसँग भारतको सम्बन्ध व्यापक र दीर्घकालीन छ भन्नुभयो। यी देशहरूसँगको सम्बन्ध पारस्परिक हितमा आधारित छ र यी सम्बन्धहरूमा कुनै तेस्रो पक्षको संलग्नता छैन।

१०. LS – India-Pakistan Mediation

सरकारले अपरेशन सिन्दूरको समयमा भारत र पाकिस्तानबीच सैन्य कारबाही रोक्ने विषयमा प्रत्यक्ष वार्ता भएको बताएको छ। आज लोकसभामा विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले भारतीय र पाकिस्तानी सेनाबीच विद्यमान सञ्चार माध्यमहरू मार्फत वार्ता भएको बताउनुभयो।

११. NIA – Gujarat

राष्ट्रिय अनुसन्धान एजेन्सी-एनआईएले २०१५ भरुच दोहोरो हत्याकाण्डका अभियुक्त मोहम्मद युनुसको दुई अचल सम्पत्ति जफत गरेको छ। एनआईएका अनुसार, मोहम्मद युनुसलाई २०१५ मा भाजपा कार्यकर्ता शिरीष बंगाली र प्रज्ञेश मिस्त्रीको आपराधिक षड्यन्त्र र हत्यामा उनको भूमिकाको लागि पक्राउ गरिएको थियो। एनआईएले यी सम्पत्तिहरूको जफतलाई पाकिस्तानबाट सञ्चालन हुने डी-कम्पनी गिरोहको आतंकवादी सञ्जाललाई नष्ट गर्ने दिशामा एक महत्वपूर्ण कदम भनेको छ।

१२. NCPI - UPI

भारतीय राष्ट्रिय भुक्तानी निगम-NPCI ले आजदेखि एकीकृत भुक्तानी इन्टरफेस-UPI को लागि नयाँ नियमहरू लागू गरेको छ। नयाँ नियमहरू अन्तर्गत, प्रत्येक कारोबार अघि प्रेषकलाई प्राप्तकर्ताको नाम देखाइनेछ। प्रत्येक UPI एपले प्रयोगकर्ताहरूलाई आफ्नो बैंक खातामा जम्मा गरिएको रकम दिनको ५० पटक हेर्न अनुमति दिनेछ।

१३. IMD - Forecast

मौसम विभागले आज असम, मेघालय, बिहार र हिमाचल प्रदेशमा मुसलधारे वर्षाको पूर्वानुमान गरेको छ। विभागले आज छत्तीसगढ, झारखण्ड, हरियाणा, चण्डीगढ, पञ्जाब, उत्तर प्रदेश, उत्तराखण्ड, पश्चिम बंगाल र पश्चिमी राजस्थान लगायत उत्तरपूर्वी र दक्षिणी प्रायद्वीप भारतका विभिन्न भागहरूमा भारी वर्षा हुने चेतावनी पनि दिएको छ। यसैबीच, अण्डमान र निकोबार टापुहरू, बिहार, सिक्किम र पश्चिमी मध्य प्रदेशमा आँधीबेहरी र तेज हावासँगै वर्षा हुन सक्ने जनाएको छ।

**प्रमुख समाचार पुन: एकपटक**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि उत्तर प्रदेशको वाराणसीमा प्रधानमन्त्री किसान सम्मान निधि योजनाको बीसौं किस्ता जारी गर्नुहुने

२. भारतको विकास यात्रामा योगदान पुर्‍याउन विद्यार्थीहरूलाई राष्ट्रपति द्रौपदी मुर्मुको आग्रह

३. उपराष्ट्रपतिको चुनाव ९ सेप्टेम्बरमा हुने, मनोनयन दर्ता गर्ने अन्तिम मिति २१ अगस्ट

४. अनि भारतीय राष्ट्रिय भुक्तानी निगमद्वारा आजदेखि एकीकृत भुक्तानी इन्टरफेस-UPI को नयाँ नियमहरू लागू